




माछापुच्छ्रे गाउँपालिकाको आ.व. २०७५।०७६ को वार्षिक र आ.व. २०७६।०७७ को अर्धवार्षिक प्रगति प्रतिवेदन
प्रस्तुतकर्ता
कुमान सिंह गुरुङ
प्रमुख प्रशासकीय अधिकृत


“पर्यटन, कृषि, उर्जा र पूर्वाधार: समृद्ध माछापुच्छ्रेको मूल आधार”



# माछापुच्छ्रे गाउँपालिकाको संक्षिप्त परिचय




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

# भौगोलिक अवस्था

- देशान्तर : ८३ डिग्री ४३मिनेट देखि ८३ डिग्री५२ मिनेट
- अक्षांशः २८ डिग्री १ मिनेट देखि २८ डिग्री ५ मिनेट
- कुल क्षेत्रफलः ५४४.५८ वर्ग कि.मी.
- उचाईः समुन्द्री सतहदेखि न्युनतम १०३१ मी. देखि ७५५५मी सम्म

## राष्ट्रिय जनगणना २०६८ अनुसार जनसंख्या तथा घरधुरी विवरण

- जम्मा जनसंख्याः-२१८६८
- पुरुषः-९९७०
- महिला :-११८९८
- जम्मा घरधुरीः-५५१२

## सीमाना

- पूर्वमा :- मादी गाउँपालिका
- पश्चिममाः-अन्नपूर्ण गाउँपालिका
- उत्तरमा :-मनाङ जिल्ला
- दक्षिणमा :- पोखरा महानगरपालिका र अन्नपूर्ण गाउँपालिका

## आ.व.२०७५/०७६ को वित्तीय प्रगति विवरण

| शिर्षक | विनियोजित रकम | खर्च रकम | प्रगति प्रतिशत |
|---|---|---|---|
| कुल विनियोजन | ४९,१७,२८,७७२ | ४१,०७,९६,६४२ | ८३.५४ |
| चालु | ३२,२४,६१,०३० | २९,००,४७,५६४ | ८९.९४ |
| पुँजीगत | १६,९२,६७,७४२ | १२,०७,४९,०७८ | ७१.३३ |

## आ.व.२०७६/०७७ को अर्धवार्षिक वित्तीय प्रगति विवरण

| शिर्षक | विनियोजित रकम | खर्च रकम | प्रगति प्रतिशत |
|---|---|---|---|
| कुल विनियोजन | ४५,३१,४६,४६५ | १२,६९,८०,०६९ | २८.०२ |
| चालु | २९,२७,१८,०७२ | ११,२५,९७,०५९ | ३८.४६ |
| पुँजीगत | १६,०४,२८,३९३ | १,४३,८३,०१० | ८.९६ |

# आन्तरिक राजश्व विवरण

| शिर्षक | संकलित रकम |
|---|---|
| आ.व २०७५/०७६ (वार्षिक) | रू. १,७०,३३,५८५.१ |
| आ.व २०७६/०७७ (अर्धवार्षिक) | रू. २,५४,२१,७४८.०० |

# आ.व.२०७५/०७६ को म.ले.प प्रतिवेदन

| कुल बजेट | बेरुजु रकम | बेरुजु प्रतिशत |
|---|---|---|
| ५३,०८,२८,०९४ | १,६१,६५,६९९ | ३.०४ |

# सामजिक सुरक्षा भत्ता विवरण

| क्र.सं. | शिर्षक | आ.व. २०७५/०७६ (वार्षिक) | | आ.व. २०७६/०७७ (प्रथम चौमासिक) | |
|---|---|---|---|---|---|
| | | लाभग्राही संख्या | रकम | लाभग्राही संख्या | रकम |
| १. | जेष्ठ नागरिक अन्य | १८७७ | रु. ४,२६,७०,००० | १९२५ | रु. २,२६,७७,००० |
| २. | जेष्ठ नागरिक दलित | ३४९ | रु. ४८,३४,००० | ४२५ | रु. ३३,२०,००० |
| ३. | एकल महिला | ४६ | रु. ४,८८,००० | ४६ | रु. ३,६८,००० |
| ४. | विधवा महिला | ७०४ | रु. ८२,०९,००० | ६८८ | रु. ५३,४८,००० |
| ५. | पूर्ण अपाङ्ग | १३६ | रु. ३२,५६,००० | १४० | रु. १६,६८,००० |
| ६. | अतिअशक्त अपाङ्ग | २१८ | रु. १४,९५,००० | २२२ | रु. १३,८९,६०० |
| ७. | दलित बालबालिका | ६४३ | रु. २७,५८,४०० | ६४४ | रु. ९,०५,६०० |
| | जम्मा | ३९७३ | रु. ६,३७,१०,४०० | ४०९० | रु. ३,५६,७६,२०० |

# डिजिटल अपाङ्गता परिचय-पत्र वितरण विवरण

| क्र.सं. | अपाङ्गताको वर्ग | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १. | क वर्ग (रातो कार्ड) | ४५ | ६४ | १०९ |
| २. | ख वर्ग (निलो कार्ड) | ९० | १३५ | २२५ |
| ३. | ग वर्ग (पहेँलो कार्ड) | २८ | ६९ | ९७ |
| ४. | घ वर्ग (सेतो कार्ड) | ५ | ८ | १३ |
| | जम्मा | १६८ | २७६ | ४४४ |

# घटना दर्ता विवरण

| क्र.सं. | शिर्षक | आ.व. २०७५/०७६ (वार्षिक) | आ.व. २०७६/०७७ (अर्धवार्षिक) |
|---|---|---|---|
| | | दर्ता संख्या | दर्ता संख्या |
| १. | जन्म दर्ता | ९१३ | ५६० |
| २. | मृत्यु दर्ता | २४९ | १८६ |
| ३. | विवाह दर्ता | ६३९ | २१३ |
| ४. | सम्बन्ध विच्छेद | १३ | २३ |
| ५. | बसाईसराई | ३३ | ३३ |
| | जम्मा | १५७७ | १०१५ |

# व्यवसाय दर्ता विवरण

| क्र.सं. | शिर्षक | आ.व. २०७५/०७६ (वार्षिक) | आ.व. २०७६/०७७ (अर्धवार्षिक) |
|---|---|---|---|
| | | दर्ता संख्या | दर्ता संख्या |
| १. | होमस्टे | २० | ७ |
| २. | अन्य व्यवसाय | १२५ | ३६३ |
| | जम्मा | १४५ | ३७० |

आ.व. २०७५।०७६ मा १८ वटा होमस्टेले उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश, पोखरा बाट होमस्टे प्रवर्द्धनका लागि पूर्वाधार निर्माण लगायतका कार्यमा सरदर रु. १० लाखका दरले अनुदान प्राप्त गरि कार्य सम्पन्न गरेको।

# गाउँ सभा तथा कार्यपालिका बैठक विवरण

| क्र.सं. | शिर्षक | आ.व. २०७५/०७६ (वार्षिक) | आ.व. २०७६/०७७ (अर्धवार्षिक) |
|---|---|---|---|
| १. | गाउँ सभा संख्या | २ | १ |
| २. | कार्यपालिका बैठक संख्या | १९ | ८ |

# न्यायिक समिति उजुरी फस्योंट विवरण

| क्र.सं. | शिर्षक | आ.व. २०७५/०७६ (वार्षिक) | | | | आ.व. २०७६/०७७ (अर्धवार्षिक) | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | दर्ता संख्या | मिलापत्र भएको | छलफल मा रहेको | अदालत पठाईएको | दर्ता संख्या | मिलापत्र भएको | छलफल मा रहेको | अदालत पठाईएको |
| १. | सिंचाई कुलो | ३ | १ | २ | - | १ | - | १ | - |
| २. | बाटो अवरोध | २ | १ | १ | - | १ | - | १ | - |
| ३. | घरेलु हिंसा | १ | - | १ | - | ७ | ३ | ३ | १ |
| ४. | श्रीमान श्रीमतीको सम्बन्ध कायम | - | - | - | - | १ | - | १ | - |
| ५. | पानी निकासा गाली बेज्यती | - | - | - | - | २ | २ | - | - |
| ६. | साध समिना | ४ | ४ | - | - | १ | - | १ | - |
| ७. | जेष्ठ नागरिक र बालबालिका लालन पोषण | १ | १ | - | - | २ | १ | १ | - |
| ८. | ज्याला मजदुरी | ८ | ७ | १ | - | ३ | २ | १ | - |
| ९. | पारिवारिक मिलापत्र | २ | १ | १ | - | १ | - | १ | - |
| १०. | जग्गा सम्बन्धमा | ७ | ७ | - | - | १ | - | १ | - |
| | जम्मा | २८ | २२ | ६ | - | २० | ८ | ११ | १ |

# आ.व २०७५।०७६ मा पारित ऐन/कानुन

| क्र.सं. | ऐनको नाम |
|---|---|
| १. | माछापुच्छ्रे गाउँपालिकाको आर्थिक ऐन, २०७५ |
| २. | माछापुच्छ्रे गाउँपालिकाको बिनियोजन ऐन, २०७५ |
| ३. | न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ |
| ४. | माछापुच्छ्रे गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ |
| ५. | प्राकृतिक श्रोत संरक्षण तथा व्यवस्थापन ऐन, २०७५ |
| ६. | माछापुच्छ्रे गाउँपालिकाको पूर्वाधार व्यवस्थापन ऐन, २०७५ |
| ७. | माछापुच्छ्रे गाउँपालिकाको शिक्षा ऐन, २०७५ |
| ८. | माछापुच्छ्रे गाउँपालिकाको सहकारी ऐन, २०७४ |
| ९. | स्थानीय स्वास्थ्य तथा सरसफाइ ऐन, २०७५ |

# आ.व २०७५।०७६ मा पारित नियमावली, कार्यविधि, निर्देशिका

| क्र.सं. | नाम |
|---|---|
| १. | माछापुच्छ्रे गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्याविधि, २०७५ |
| २. | 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ |
| ३. | माछापुच्छ्रे गाउँपालिकाको एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७५ |
| ४. | माछापुच्छ्रे गाउँपालिकामा करारमा प्राविदिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ |
| ५. | अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५ |
| ६. | माछापुच्छ्रे गाउँपालिकाद्वारा प्रकाशित ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि, २०७५ |
| ७. | टोल विकास संस्थाको कामलाई व्यवस्थित गर्न बनेको कार्यविधि, २०७५ |
| ८. | बाल क्लब/संजाल गठन कार्यविधि, २०७५ |
| ९. | माछापुच्छ्रे गाउँपालिका आपतकालिन कार्य सञ्चालन केन्द्र सञ्चालना कार्यविधि, २०७५ |

# आ.व २०७५।०७६ मा पारित नियमावली, कार्यविधि, निर्देशिका

| क.सं. | नाम |
|---|---|
| १०. | टोल विकास संस्थाको गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ |
| ११. | माछापुच्छ्रे गाउँपालिकाको विपन्न नागरिकलाई स्वास्थ्य विमा कार्यक्रममा आवद्ध हुँदा लाग्ने योगदान रकम भुक्तानीमा अनुदान दिने सम्बन्धी कार्यविधि, २०७५ |
| १२. | माछापुच्छ्रे गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७५ |

# आ.व २०७६।०७७ मा पारित नियमावली, कार्यविधि, निर्देशिका

| | |
|---|---|
| १. | माछापुच्छ्रे गाउँपालिकाको शिक्षा नियमावली, २०७५ |
| २. | कृषि संजाल कार्यान्वयन कार्यविधि, २०७६ |
| ३. | बाल अधिकार संरक्षण तथा सम्बर्द्धन कार्यविधि, २०७६ |
| ४. | जेष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि, २०७६ |
| ५. | महिला विकास समिति गठन तथा परिचालन कार्यविधि, २०७६ |
| ६. | जेष्ठ नागरिक संजाल गठन कार्यविधि, २०७६ |

# भुकम्प पुनर्निमाण विवरण

| क्र.सं. | विवरण | लाभग्राही संख्या |
|---|---|---|
| १. | पहिलो किस्ता | ४४८ |
| २. | दोस्रो किस्ता | ३५६ |
| ३. | तेस्रो किस्ता | २७२ |
| ४. | कुल लाभग्राही | ५१३ |
| छुट तथा पुन जाँच सर्वेक्षण संख्याः २२५ जना | | |
| छुट तथा पुन जाँच सर्वेक्षण बाट छनौट संख्याः २८ जना | | |
| छुट तथा पुन जाँच सर्वेक्षण हुनुभन्दा अगाडी नै गुनासो सम्बोधन बाट छनौट संख्याः २२ जना | | |

# माछापुच्छ्रे गाउँपालिकाको प्रमुख उपलब्धिहरु

- गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि स्थानीय वासी बाट ६ रोपनी ७ आना जग्गा निःशुल्क प्राप्त भएको छ तथा सो भवन निर्माणको डि.पि.आर बनाउने कार्य सम्पन्न गरिएको छ।

- माछापुच्छ्रे गाउँपालिकाको महत्वपुर्ण सडकको रुपमा रहेको मेलबोट,खानेपानी मुहान भेडावारी लुम्रे घलेल सडकको कालोपत्रे गर्ने कार्य अगाडी बढीरहेको छ।

# माछापुच्छ्रे गाउँपालिकाको प्रमुख उपलब्धिहरु

- भुर्जुङ्खोला पुल देखि कोलचोक सम्मको मोटर बाटो १.५ किलोमिटर कालोपत्रे गरिएको छ।

- माछापुच्छ्रे गाउँपालिका वडा नं.२ सार्दीखोला र वडा नं.१ माछापुच्छ्रे जोड्ने खारापानीमा सेती नदिमाथिको मोटरेबल पुल निर्माण सम्मपन्न भएको तथा वडा नं. ८ र वडा नं. ९ जोड्ने मर्दीखोलामा मोटरेबल पुल निर्माण कार्य अगाडी बढेको छ।

# प्रमुख उपलब्धिहरु क्रमशः

- वडा नं ९ को वडा कार्यालय भवन निर्माण शिलान्यास भई निर्माणको कार्य सुरुवात भएको ।

- वडा नं ६ को ईदीखोलामा मोटरेवल पुल निर्माणाधिन रहेको एबम वडा नं.२ र ३ जोड्ने सेती नदि माथि मोटरेबल पुल निर्माणको लागि डी.पी.आर.बनाउने कार्य सम्पन्न गरिएको छ।

## प्रमुख उपलब्धिहरु क्रमशः

- सिंचाईतर्फ १६९४ मिटर पक्की कुलो २८८२ मिटर पाईपद्वारा सिंचाई व्यवस्था गरिएकोछ।
- नयां पर्यटकीय पदमार्ग १००० मिटर तथा पद मार्ग मर्मत करिब ३५१७ मिटर, पदमार्गमा३९५ मिटर टेवापर्खाल (**Retaining Wall**) निर्माण गरिएको छ।
- बेलायतको ब्रेकन टाउन र माछापुच्छ्रे गा.पा. को धम्पुसविच भगिनी सम्बन्ध

## प्रमुख उपलब्धिहरु क्रमशः

- माछापुच्छ्रे आ.वि.मा स्थानीय मातृभाषाको रुपमा रहेको मगर भाषामा अध्ययन अध्यापन कार्य सुरु गरिएको छ।
- स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाहरुको पोषण प्रोत्साहन खर्च स्वरूप प्रति सुत्केरी महिला रु ५००/- थप नगद प्रदान गरिएको छ।
- माछापुच्छ्रे गा.पा-४ मा सुविधा सम्पन्न बहुउद्देश्यीय भवन निर्माण कार्य सम्पन्न।

## प्रमुख उपलब्धिहरु क्रमशः

- गरिब तथा विपन्न नागरिकको स्वास्थ्य बिमाको योगदान रकममा अनुदान प्रदान गरी १७४ घर परिवारको स्वास्थ्य बिमा गरिएको छ।
- "स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद" भन्ने नाराका साथ गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड अन्तरविद्यालय खेलकुद प्रतियोगिता २०७५ र २०७६ सफलतापुर्वक सम्पन्न गरिएको छ।

## प्रमुख उपलब्धिहरु क्रमशः

- २१ वटा सामुदायिक भवन निर्माण सम्पन्न भएको तथा माछापुच्छ्रे-६ धितालमा नौमती बाजा पार्क निर्माण भएको छ।
- घुम्ती सेवा मार्फत घरदैलोमै सेवा प्रदान गरिएको छ।
- गाउँपालिकाको प्रथम ५ बर्षे आवधिक एकीकृत विकास योजना निर्माण


## प्रमुख उपलब्धिहरु क्रमशः

- टनेल प्लास्टिक ८४ घरधुरीलाई (७५% अनुदानमा ७५ वटा, ९ निःशुल्क),कम्बाईल मिल ६ घरधुरीलाई वितरण (७५% अनुदानमा),हाते टयाक्टर १६ घरधुरीलाई वितरण(५०% अनुदानमा), १००० किलो आलु बिउ वितरण (७५% अनुदानमा)
- प्लास्टिक पोखरी, थोपा सिंचाई, समुह सहकारी प्रवर्द्धन

## प्रमुख उपलब्धिहरु क्रमशः

- ५०० जना कृषकलाई तरकारी बिउ (मिनिकीट) वितरण।
- २५०० फलफुल विरुवा वितरण (आरु, आरुवखडा, नासपती, एभोकाड़ो र कागती)
- १० वटा भकारो सुधार

# केही प्रकाशन




# संचार माध्यममा माछापुच्छ्रे गाउँपालिका

| लाहाचोक, अर्मला डाँडा बाट प्याराग्लाइडिङको सफल परिक्षण | दुधको 'हब" बन्दै माछापुच्छ्रे गाउँपालिका |
|---|---|






# संचार माध्यममा माछापुच्छ्रे गाउँपालिका

| लोक सेवा तयारी कक्षा सुरुवात | पर्यटन विकासका लागि माछापुच्छ्रे हिमाल आरोहण खुल्ला गर्नु पर्छ |
| --- | --- |







# संचार माध्यममा माछापुच्छ्रे गाउँपालिका

| होमस्टे आकर्षण | दोस्रो राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता |
| --- | --- |






# संचार माध्यममा माछापुच्छ्रे गाउँपालिका

| अपाङ्गता भएका व्यक्तिलाई डिजिटल परिचयपत्र | अपाङ्गता भएका व्यक्तिलाई डिजिटल परिचयपत्र |
|---|---|



## देशमै पहिलोपटक कास्कीमा अपाङ्गता भएका व्यक्तिलाई डिजिटल परिचयपत्र

रासस — पुष १५, २०७६

1.1K SHARES





आदर्श समाज

## अपाङ्गता भएकालाई डिजिटल परिचयपत्र

माछापुच्छ्रे गाउँपालिका ४ का अपाङ्गता भएका व्यक्तिलाई डिजिटल परिचयपत्र वितरण गर्दै।
तस्वीर :श्रीभद्र पौडेल/आदर्श समाज।

*आदर्श समाज*
हेमजा

माछापुच्छ्रे गाउँपालिकामा अपाङ्गता भएका व्यक्तिलाई डिजिटल परिचयपत्र वितरण शुरु गरिएको छ।

अपाङ्गता समन्वय समितिको आयोजना तथा राष्ट्रिय अपाङ्ग महासंघ नेपाल गण्डकी प्रदेशको साझेदारमा परिचयपत्र वितरण शुरु गरिएको हो।

सोमवार वडा ४, ५ र ३ का अपाङ्गता भएका व्यक्तिलाई परिचयपत्र वितरण गरिएको छ भने अन्य वडामा वितरणका लागि सम्बन्धित वडाध्यक्षलाई जिम्मा दिइएको छ।

गाउँपालिका अध्यक्ष कर्णबहादुर गुरुङले पूर्ण शारीरिक अपाङ्गता भएका लीलाधर अधिकारीलाई परिचयपत्र वितरण गरी कार्यक्रम शुभारम्भ गरे। उनले परिचयपत्र दुरुपयोग नगर्न आग्रह गर्दै वास्तविक अपाङ्गता भएका व्यक्तिले परिचयपत्र पाउनुपर्ने बताए। राज्यबाट धेरै रकम पाउने लोभमा रातो कार्डको पछि लागेर मात्र हुँदाहुँदै पनि पूर्ण अपाङ्ग हुँ भन्नु राज्यप्रति ठगी भएको उनको धारणा थियो।

गाउँपालिका अध्यक्ष गुरुङले अपाङ्ग व्यक्ति नजन्मिउन् भनी गाउँपालिकाकाले गर्भवती पोषणा कार्यक्रम शुरु गरेको स्पष्ट पारे। सकेसम्म पूर्ण अपाङ्गको संख्या घटाउने अभियानमा पालिका रहेको उनले बताए।

गाउँपालिका उपाध्यक्ष कृष्णकुमारी दवाडीले जन्मजात अपाङ्गको सवालमा गाउँपालिका चनाखो रहेको दाबी गरिन्। परिचयपत्र पसिना तथा पानीले भिज्ने जनगुनासो बढेपछि गाउँपालिकाले डिजिटल परिचयपत्रको अवधारणालाई अगाडि सारेको बताइन्।

कार्यक्रममा वडा४ का अध्यक्ष पूर्णबहादुर शाही ठकुरी, राष्ट्रिय अपाङ्ग महासंघ गण्डकी प्रदेश अध्यक्ष खोमराज शर्मा, गाउँपालिका सामाजिक विकास समितिका संयोजक तथा वडा ९ का वडाध्यक्ष दुर्गाबहादुर क्षत्री लगायतले धारणा राखेका थिए।

गाउँपालिकाले गत कात्ति १७ देखि २४ गतेसम्म वडास्तरमा अपाङ्ग परिचयपत्र शिविर संचालन गरेको थियो। जसअन्तर्गत पालिकाभर ४ सय ५६ अपाङ्गता भएका व्यक्ति रहेको तथ्यांक छ। जमध्ये १ सय ८ जना पूर्ण अपाङ्गता भएका व्यक्ति छन्।

गाउँपालिका उपाध्यक्ष दवाडीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा वडा ९ का वडाध्यक्ष दुर्गाबहादुर क्षत्रीले स्वागत र सहायक महिला विकास निरीक्षक रीता थापाले संचालन गरेकी थिइन्।






प्रथम राष्ट्रपति रनिङ्ग शिल्ड अन्तर विद्यालय खेलकुद प्रतियोगिता



दोस्रो राष्ट्रपति रनिङ्ग शिल्ड अन्तर विद्यालय खेलकुद प्रतियोगिता



मातृभाषामा पठन पाठनको सुरुवात




माछापुच्छ्रे गाउँपालिका, वडा नं. ७ धम्पुस र बेलायतको ब्रेकन सिटि बिच भगिनी सम्बन्ध




हिउँदे गाउँ सभा आ.व २०७५।०७६



मर्दिखोला आँपको मोटरेवल पुल शिलान्यास



पञ्चे बाजा पार्क, माछापुच्छ्रे गाउँपालिका-६, धिताल



जेष्ठ नागरिक परिचय-पत्र वितरण शिविर



मेलमिलाप तालिम


Golden Trail World Series




९ नं वडा कार्यालय भवन शिलान्यास



कुइवाङ नमुना पर्यटकीय पदमार्ग


धन्यवाद!